Vol.11 नेपाली

भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation


2020.10



# विदेशी अभिभावकहरूको लागि जापानी भाषा कोर्स "विद्यालयको प्रिन्ट (सूचनापत्र) पढौं"



तपाईं बच्चाले विद्यालयबाट लिएर आउने जापानी भाषाको प्रिन्ट (सूचनापत्र) पढ्न सक्नुहुन्छ? प्रिन्ट (सूचनापत्र) पढ्ने तरिका, महत्त्वपूर्ण भाग खोज्ने तरिका र विद्यालयमा धेरै प्रयोग गरिने शब्दको अर्थ सिकौं। यो क्लास, कक्षा कोठा आएर वा अनलाइन (Zoom) मध्ये कुनै एक चयन गरी लिन सकिन्छ!



**भाग लिन सक्ने व्यक्ति**: प्राथमिक तथा निम्न माध्यमिक विद्यालयमा अध्ययनरत बच्चा भएका विदेशि अभिभावक। हिरागाना र काताकाना पढ्न सक्ने व्यक्ति।

**कहिले**: 2020 साल नोभेम्बर 4 तारिख, 11 तारिख, 18 तारिख, 25 तारिख र डिसेम्बर 2 तारिख (बुधबार)
6:30 pm~8:30 pm


**कहाँ**: उपभोक्ता केन्द्र नं 5 बैंठक कोठा (खामाता 5-13-26)

**शुल्क**: निशुल्क　**कति जना**: पहिले नाम लेखाउने 15 जना

**सम्पर्क आवेदन दिने ठाउँ**:
(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
〒143-0023 ओता सहर, सान्नो 2-3-7, ओमोरी सहर विकास प्रवर्द्धन भवन 4F
☎ 03-6410-7981　FAX 03-6410-7982
E-mail　mail@ota-goca.or.jp
URL　https://www.ota-goca.or.jp/

**शिशु स्याहार सेवा**: शिशु स्याहार सेवा उपलब्ध छ। 1 वर्ष 6 महिना वा सोभन्दा बढीदेखि प्राथमिक विद्यालयको दोस्रो कक्षाको विद्यार्थीसम्म। पहिले नाम लेखाउने 5 जना। निशुल्क

**आवेदन दिने तरिका**: HP मार्फत आवेदन दिनुहोस्https://www.ota-goca.or.jp/schoolnotice2020/
अथवा सम्पर्क FAX नम्बरमा FAX पठाउनुहोस् वा सम्पर्क ठेगानामा पोस्टकार्ड पठाउनुहोस्।



## 2021 साल अप्रिलदेखि नर्सरी स्कुलमा भर्नाको लागि आवेदन तथा शिशु स्याहार सेवा सल्लाहकारसँग परामर्श

### स्वीकृति प्राप्त नर्सरी स्कुलमा भर्नाको लागि आवेदन

| | |
|---|---|
| **आवेदन दिन सक्ने व्यक्ति** | अभिभावकको काम (यसमा काम खोजिरहेको व्यक्ति पनि पर्नेछ), रोग, प्रसूति, नर्सिङ केयर वा बिरामीको हेरचाह, अध्ययन जस्ता कारणले गर्दा घरमा हेरचाह गर्न नसकिने अवस्था भएका शिशुहरू |
| **आवश्यक कागजात वितरण** | आर्थिक वर्ष 2021 सालको "नर्सरी भर्ना सम्बन्धी पुस्तिका" र आवेदनको लागि आवश्यक फारामहरू अक्टोबर 1 तारिखदेखि आवेदनस्थलहरूमा वितरण गरिने हुनाले, नर्सरी स्कुलको नयाँ जानकारी आदि निश्चय गर्नुहोस्।<br>यो जानकारी ओता सहरको होमपेजमा पनि राखिनेछ। तपाईंले आवेदन फाराम आदि डाउनलोड गर्न सक्नुहुनेछ।<br>विदेशी नागरिकहरूको बसोबास योग्यता (भिसा) निश्चय गरिनेछ। |
| **ध्यान दिनुपर्ने कुराहरू** | हरेक वर्ष नोभेम्बरमा साह्रै भिड हुने गर्छ। नोभल कोरोनाभाइरस आदिबाट हुने संक्रमण फैलिन नदिनको लागि पनि, फरक-फरक समयमा आवेदन दिई सहयोग गर्नुहोस्।<br>आवेदनस्थलमा नआईकन नहुने व्यक्ति मात्र आउनुहुन अनुरोध गर्दछौं।<br>धर्मको कारण खान नहुने खाद्य सामग्री आदि भएमा, आवेदनको बेला जानकारी दिनुहुन अनुरोध गर्दछौं। |
| **बिदाको दिन काउन्टर खुला रहने समय** | नोभेम्बर 8 तारिख (आइतबार) 9:00 am~4:00 pm<br>ओता सहर कार्यालय मुख्य भवन 3F को शिशु स्याहार सेवा शाखाको काउन्टरमा आवेदन लिइनेछ। |
| **कहिले** | 2020 साल अक्टोबर 1 तारिख (विहीबार) देखि नोभेम्बर 30 तारिख (सोमबार) सम्म |
| **आवेदन दिने तरिका** | आवेदन दिने ठाउँमा आवश्यक कागजातहरू लिएर आउनुहोस् |

### शिशु स्याहार सेवा सल्लाहकारसँग परामर्श

शिशु स्याहार सुविधाहरूको जानकारी प्रदान गरिनुका साथै बच्चा हुर्काउने कुरा सम्बन्धी परामर्श दिइन्छ। अक्टोबर र नोभेम्बरमा ओता सहर कार्यालय मुख्य भवनमा विशेष काउन्टरको व्यवस्था गरिनेछ। अग्रिम रूपमा नाम लेखाउनु पर्नेछ।

### आवेदन दिने ठाउँ

**स्वीकृति प्राप्त नर्सरी स्कुलमा भर्नाको लागि आवेदन**

**ओता सहर कार्यालय मुख्य भवन 3F, शिशु स्याहार सेवा शाखा, शिशु स्याहार सेवा प्रयोग सहायक कर्मचारी**
खामाता 5-13-14 ☎ 03-5744-1280
अथवा हरेक क्षत्रको प्रशासनिक कार्यालयको समाज कल्याण शाखाको परामर्श कर्मचारी (यहाँ कागजात लिइने काम मात्र गरिन्छ)

- ओमोरी ओमोरी-निसी 1-12-1 ☎ 03-5843-1028
- च्योफु युकिगाया ओचुकामाची 4-6 ☎ 03-3726-0791
- खामाता खामाता होन्च्यो 2-1-1 ☎ 03-6715-8800
- कोउजीया र हानेदा हिगासी-कोउजीया 1-21-15 ☎ 03-3741-6521

आवेदन फाराम भर्ने तरिका थाहा नभएमा, परामर्श आवश्यक वा अन्य नबुझेको कुरा भएमा, शिशु स्याहार सेवा शाखामा आउनुहुन सिफारिस गर्दछौं।

**शिशु स्याहार सेवा सल्लाहकारसँग परामर्शको लागि अग्रिम रूपमा नाम लेखाउनुहोस्**

**शिशु स्याहार सेवा शाखा, शिशु स्याहार सेवा प्रयोग सहायक कर्मचारी**
**शिशु स्याहार सेवा सल्लाहकार**
☎ 03-5744-1617

| | |
|---|---|
| **सम्पर्क** | शिशु स्याहार सेवा शाखा, शिशु स्याहार सेवा प्रयोग सहायक कर्मचारी<br>☎ 03-5744-1280 FAX 03-5744-1715<br>URL https://www.city.ota.tokyo.jp/seikatsu/kodomo/hoiku/index.html |

## साइकलको सडक सुरक्षा नियम तथा मर्यादाको बारेमा



ओता सहरमा दुर्घटनाको सङ्ख्या घटिरहेको छ तर साइकलको दुर्घटनाको दर भने हरेक वर्ष बढिरहेको छ।
साइकल भनेको सवारी साधन हो। साइकल चलाउँदा पालना गर्नुपर्ने पाँच नियमहरूको पालना गरौं।

### साइकल चलाउँदा पालना गर्नुपर्ने पाँच नियमहरू

1. सामान्यतया साइकल सवारी मार्गमा चलाउनुपर्छ। केही तोकिएका ठाउँहरूमा मात्र पैदल मार्गमा चलाउन सकिन्छ।(*)
2. सवारी मार्गको बायाँ पट्टि चलाउनुपर्छ।
3. पैदल मार्गमा पैदल यात्रीलाई प्राथमिकता दिनुपर्छ र साइकल सवारी मार्ग पट्टि बिस्तारै चलाउनुपर्छ।
4. सुरक्षाका नियमहरूको पालना गर्नुपर्छ।
   - मदिरा सेवन गरेर चलाउने, दुई जना चढ्ने र एकैसाथ अगाडि बढ्ने कार्यहरू निषेध गरिएको छ।
   - राती लाइट बाल्नुपर्छ।
   - दुई वा सोभन्दा धेरै बाटोहरूको मिलन भएको चोक आदिमा ट्राफिक लाइटको पालना र एक पटक रोकेर सुरक्षा निश्चय गर्नुपर्छ।
5. बच्चाहरूले हेल्मेट लगाउनुपर्छ।

*निम्न अवस्थामा पैदल मार्गमा साइकल चलाउन सकिन्छ।
- सडक चिन्ह आदिद्वारा निर्दिष्ट गरिएको खण्डमा
- साइकल चलाउने व्यक्ति 13 वर्ष भन्दा कम उमेरको बच्चा वा 70 वर्ष वा सोभन्दा बढीको वृद्धवृद्धा वा अपाङ्गता भएको व्यक्ति भएमा
- सडक निर्माण कार्य वा सवारी मार्ग व्यस्त भई खतरा भएको खण्डमा


| | |
|---|---|
| **सम्पर्क** | शहरी पूर्वाधार विकास व्यवस्थापन ट्राफिक सुरक्षा तथा साइकल व्यापक योजना जिम्मेवार कर्मचारी<br>☎ 03-5744-1315 FAX 03-5744-1527<br>E-mail t-toshikan@city.ota.tokyo.jp<br>URL https:// www.city.ota.tokyo.jp/seikatsu/sumaimachinami/kotsuanzen/ |

# काचु काइस्यु स्मारक भवन उद्घाटनको पहिलो वार्षिकोत्सव विशेष प्रदर्शनी

**"काइस्युले देखेको, महसुस गरेको! सनफ्रान्सिस्को - कानरिन-मारु प्रस्थान 160 वर्ष-**
यो साल काचु काइस्यु कानरिन-मारुमा अमेरिकाको सनफ्रान्सिस्कोमा गएको 160 औं साल हो। काचु काइस्यु स्मारक भवनमा पहिलो वार्षिकोत्सवको अवसरमा कानरिन-मारुको यात्रा सम्बन्धित कागजातहरू र काइस्युको नोटदेखि 160 वर्ष अघि काइस्युले सनफ्रान्सिस्कोमा देखेको कुरा, महसुस गरेको कुरा आदि क्लोजअप गरेको विशेष प्रदर्शनीको आयोजना गरिनेछ।

सनफ्रान्सिस्कोमा अहिले पनि कानरिन-मारुको 3 जना नाविकको समाधि चिर निन्द्रामा छ। हालसम्म थाहा नभएका ती व्यक्तिहरूसँग सम्बन्धित कुराहरू पनि पहिलो पटक भण्डारणमा रहेको सामग्रीबाट सबैसामु प्रस्तुत गरिनेछ।





**कहिले**

सेप्टेम्बर 4 तारिख (शुक्रबार) देखि डिसेम्बर 6 तारिख (आइतबार) सम्म
■भवन खुला रहने समय: 10:00 am~6:00 pm
*सोमबार (सोमबार सार्वजनिक बिदा भएमा, त्यसको भोलिपल्ट), वर्षको अन्त्य र वर्षको सुरुको अवधि बाहेक

**शुल्क**

■भवनको टिकट शुल्क: सामान्य टिकट 300 येन, प्राथमिक तथा निम्न माध्यमिक विद्यालयको विद्यार्थीको लागि 100 येन (विभिन्न प्रकारका छुटहरू उपलब्ध छन्)

**सम्पर्क**
काचु काइस्यु स्मारक भवन
☎ 03-6425-7608　FAX 03-6425-7610
E-mail　kaishu@city.ota.tokyo.jp
URL　https://www.city.ota.tokyo.jp/shisetsu/hakubutsukan/katsu_kinenkan/index.html

## 2020 साल राष्ट्रिय जनगणना

**राष्ट्रिय जनगणनामा सहयोग गरिदिनुभएकोमा धन्यवाद।**
सन्दर्भ मिति अक्टोबर 1 तारिखमा, जापानमा बसोबास गर्ने सबै उमेर र राष्ट्रियताका सबै व्यक्तिहरूलाई लक्षित गरी जापानभरि एकसाथ जनगणना गरिएको थियो।
सबैले जवाफ दिई सहयोग गरिदिनुभएकोमा धन्यवाद व्यक्त गर्न चाहन्छौं।

**सम्पर्क**
स्थानीय गतिविधि प्रवर्द्धन शाखा, तथ्याङ्क तथा अनुसन्धान कर्मचारी
☎ 03-5744-1186　FAX 03-5744-1518
E-mail　toukei@city.ota.tokyo.jp

## निवासी कर भुक्तानीबारे (चरण 3)

चरण 3 को विशेष सहर निवासी कर तथा जिल्ला निवासी कर (निवासी कर) को भुक्तानी म्याद नोभेम्बर 2 तारिख हो।
म्यादसम्ममा भुक्तानी गर्नुहोस्।
चरण 4 को भुक्तानी म्याद रेइवा 3 साल फेब्रुअरी 1 तारिख हो।
नबिर्सीकन भुक्तानी गर्नुहुन अनुरोध गर्दछौं।
कर भुक्तानी सम्बन्धी परामर्शको लागि ओता सहरको होमपेजमा हेर्नुहोस्।

**सम्पर्क**
कर भुक्तानी शाखा
☎ 03-5744-1205
FAX 03-5744-1517
URL　https://www.city.ota.tokyo.jp/seikatsu/zeikin/

# ओता बालबालिका जापानी भाषा क्लास

ओता सहरमा प्राथमिक तथा निम्न माध्यमिक विद्यालयमा भर्ना हुनु अगाडि जापानी भाषा सिकाउने क्लास छ।

### जापानी भाषा सिक्न सक्ने व्यक्तिहरू

①~③ सबैमा पर्ने बालबालिकाहरू
① ओता सहरमा बसोबास गर्ने विदेशी राष्ट्रियता आदि भएका बालबालिकाहरू
② विद्यालयमा भर्ना हुनु अगाडिका बालबालिका (2005 साल अप्रिल 2 तारिखदेखि 2014 साल अप्रिल 1 तारिखसम्ममा जन्म भएका बालबालिका) अथवा प्राथमिक विद्यालयमा भर्ना हुन 6 महिना बाँकी रहेको बेलादेखि भर्ना नहुन्जेलसम्मका बालबालिका (2014 साल अप्रिल 2 तारिखदेखि 2015 साल अप्रिल 1 तारिखसम्ममा जन्म भएका बालबालिका)
③ जापानी भाषाको ज्ञान नभई सहरद्वारा सञ्चालित विद्यालयमा भर्ना नभएका बालबालिका




**सम्पर्क**
(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981　FAX 03-6410-7982
E-mail　info@ota-goca.or.jp　URL　https://www.ota-goca.or.jp/

### खामाता क्लास

[क्लास सञ्चालन संगठनको नाम] लेगातो ओता
[स्थान] ओता सहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन केन्द्र "mics ओता क्लास"
ठेगाना: ओता सहर खामाता 5-13-26-101 ओता सहर उपभोक्ता केन्द्र भित्र
[सम्पर्क] ☎ 03-6424-8822　FAX 03-5710-6330
[दिन र समय] सोमबार, मंगलबार र विहीबार　9:00 am~12:00 pm

### ओमोरी क्लास

[क्लास सञ्चालन संगठनको नाम] जापानी भाषा गुरुरित्तो
[स्थान] ओता सहरद्वारा सञ्चालित सान्नो भवन, अन्तर्राष्ट्रिय आदानप्रदान सुविधा
ठेगाना: ओता सहर, सान्नो 3-37-11 अन्तर्राष्ट्रिय आदानप्रदान सुविधा भित्र
[सम्पर्क] ☎ र FAX 03-5709-1347
[दिन र समय] सोमबार, बुधबार र विहीबार 9:00 am~12:00 pm

# आर्थिक वर्ष 2020 को "अन्तर्राष्ट्रिय सहर ओताको दूत (कूरू, ओता सहर दूत)" तोकिएको छ!




अगस्ट 28 तारिख (शुक्रबार) ओता सहर कार्यालयको मुख्य भवनमा नियुक्ति समारोह आयोजना गरियो। यस पटक नोभल कोरोनाभाइरसको असरले गर्दा, पहिलो पटक दूतमा नियुक्ति गरिने 6 जना मात्र उपस्थित गराइयो र उहाँहरूलाई ओता सहर प्रमुखले नियुक्तिपत्र प्रदान गर्नुभयो।
ओता सहर प्रमुखले पुनर्नियुक्ति र दोस्रो वर्षको दूतहरू 21 जना गरी, इन्डोनेशिया, चीन, अमेरिका, थाइल्याण, नेपाल, दक्षिण कोरिया, हङ्गेरी, सिङ्वापुर, ब्राजिल, भियतनाम, टर्की र इटालीको जम्मा 27 जनालाई "दूत" को काम अनुरोध गर्नुभयो!
"अन्तर्राष्ट्रिय सहर ओताको दूत" हरूले विदेशीको आँखाबाट देखिने ओता सहरको आकर्षक र मनोहर कुराहरू, रमाइलो इभेन्ट आदिबारे तपाईंहरू लगायत संसारभरिको व्यक्तिहरूलाई जानकारी प्रदान गर्नुहुन्छ!
"अन्तर्राष्ट्रिय सहर ओता" को होमपेजमा दूतहरूको परिचय तथा दूतहरूले गरेका गतिविधिको जानकारी आदि राखिएको छ। नबिर्सीकन हेर्नुहोस्!

**सम्पर्क**
अन्तर्राष्ट्रिय सहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
☎ 03-5744-1227　FAX 03-5744-1323

**(https://www.city.ota.tokyo.jp/kokusaitoshi/ota_ambassador/index.html)**

प्रकाशन　ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
〒144-8621 ओता सहर कामाता 5-13-14　☎ 03-5744-1227　FAX 03-5744-1323